# लोक सेवा आयोग

नेपाल न्याय सेवा, न्याय/कानून/सरकारी वकील समूह, राजपत्राङ्कित प्रथम श्रेणी,
सहसचिव वा सो सरह (अप्राविधिक) पदको आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा

मिति: २०८१/९/१

समयः ३ घण्टा

पूर्णाङ्कः १००

पत्रः तृतीय

बिषयः कानून र न्याय प्रशासन
(Law and Administration of Justice)

तलका प्रश्नहरूको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।

१. कानून निर्माणको कार्य निकै संबेदनशील कार्य हो । कानूनको सर्बोच्चता स्वीकार गरेका मुलुकहरूमा कानून निर्माण गर्दा यसका आधारभूत सिद्धान्तहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यताहरू, राज्यले स्वीकार गरेका दायित्वहरूको साथै कानून तर्जुमाकारमा हुनुपर्ने बिषयगत र प्रक्रियागत ज्ञान आवश्यक पर्ने र निश्चित सीमाको परिधिमा समेत रहनुपर्ने हुन्छ । कानूनको मस्यौदा गर्ने कार्य आफैँमा प्राविधिक र सीपयुक्त कार्य पनि हो ।

नेपालमा कानून निर्माणको इतिहास धेरै लामो छ । आधुनिक कानून निर्माणको प्रक्रिया अनुरूप देवानी तथा फौजदारी संहिताहरूको निर्माण गरिएको छ । नेपालको संविधान अनुसार संघ, प्रदेश र स्थानीय गरी तीन तहको राज्य संरचना रहेको छ । सोही संरचनाको आधारमा बिषयगत रूपमा अधिकारको प्रयोग गर्ने व्यवस्था गरिएको छ । आर्थिक अधिकारको बिषयमा पनि कानून बनाउने अधिकारको प्रयोग तीन तहकै सरकारले गर्ने व्यवस्था गरिएको छ । यसै अनुरूप संघीय, प्रदेश र स्थानीय व्यवस्थापिकाको प्रावधान भई व्यवस्थापन कार्यविधिको समेत स्पष्ट व्यवस्था गरिएको छ । कानून निर्माणको लागि विधायन तर्जुमा गर्न कार्यपालिका मातहतका बिषयगत मन्त्रालयहरूको साथै बिशेषज्ञ मन्त्रालयको रूपमा काम गर्न छुट्टै मन्त्रालय वा निकायको व्यवस्था पनि गरिएको छ । कानून निर्माण गर्दा प्रारम्भिक मस्यौदा गर्ने, मस्यौदाको परिमार्जन गर्ने, कानून निर्माणको लागि आवश्यक परेमा पूर्व स्वीकृति लिने, कानूनको मस्यौदालाई अन्तिम रूप दिई विधायन तर्जुमा गर्ने, सो माथि छलफल गर्न मन्त्रिपरिषद् वा पालिकाहरूभित्र छुट्टै समितिको व्यवस्था गर्ने कार्यविधिहरू पनि निर्माण भएको छ । व्यवस्थापिकामा प्रस्तुत भएका विधेयक माथि छलफल गर्ने, संशोधन गर्ने र अन्तिम रूप दिने प्रयोजनको लागि बिषयगत समितिहरू पनि रहेका छन् । संघीय व्यवस्थापिका प्रतिनिधि सभा र राष्ट्रिय सभासहित दुई सदनात्मक रहेको छ । प्रत्यायोजित व्यवस्थापन अन्तर्गत कानून निर्माणका सम्बन्धमा पनि स्थापित मान्यता अनुरूपका व्यवस्था पनि भएकै छन् ।

तथापि, यी माथिका सबै व्यवस्थाहरू हुँदाहुँदै पनि कानून निर्माणको कार्य अत्यन्तै सुस्त गतिमा हुने, धेरै त्रुटिहरू रहने, कतिपय महत्वपूर्ण कानून नबनेको कारण मुलुकको आर्थिक, प्रशासनिक लगायतका गतिविधिहरू सञ्चालनमा बाधा पुगिरहेको भन्ने गुनासाहरू पनि रहेको देखिन्छ । मुलुकमा बृहत शान्ति सम्झौता भएको १७ वर्षसम्म पनि यसलाई टुङ्गोमा पुर्‍याउन नसकिएको, पीडितलाई न्याय र पीडकलाई सजाय हुन नसकेको, संक्रमणकालीन न्यायको लागि बन्नुपर्ने कानून निर्माणमा बिलम्ब भएको वा यसका मान्य सिद्धान्त र मापदण्ड अनुरूप नभएको पनि न्यायिक पुनरावलोकनले औँल्याएको पाइन्छ । अर्कोतर्फ नेपालको संविधान जारी भएको ९ वर्ष पूरा हुँदा पनि संघीय निजामती सेवा ऐन, संघीय शिक्षा ऐन लगायत कतिपय संघीय कानून निर्माण हुन नसकेको अवस्था छ भने प्रदेश र स्थानीय तहले समेत संघीय कानून नबनेको कारण जनाई आ-आफ्नो अधिकार क्षेत्रभित्रका कानूनहरू पनि निर्माण गरेको पाइँदैन । यसबाट प्रशासनिक, आर्थिक संघीयताको कार्यान्वयनमा बाधा पुगिरेहेको देखिन्छ ।

यस पृष्ठभूमि समेतको आधारमा निम्न प्रश्नहरूको जवाफ लेख्नुहोस् । १५+१०=२५

क) नेपालमा कानून निर्माणका सन्दर्भमा रहेका संबैधानिक, कानूनी, संरचनागत, प्राविधिक तथा प्रकृयागत अभ्यासहरूको समीक्षा गर्दै उक्त पक्षहरूमा देखिएका समस्याहरू पहिचान गर्नुहोस् ।

ख) पहिचान गरिएका समस्याहरूको समाधानका लागि ठोस र व्यवहारिक सुझाब दिनुहोस् ।

२. संघीयता कुनै यान्त्रिक अवधारणा नभई आवश्यकता अनुसार विकसित र परिमार्जित हुँदै जाने प्रणाली हो। संघीयताको शास्त्रीय मान्यता र अवलम्बन गरिएको संवैधानिक प्रबन्ध र संघीयताको कार्यान्वयनको अवस्थाले पनि संघीयतालाई प्रतिबिम्बित गरिरहेको हुन्छ। मुलुकको धरातलीय यथार्थता, सामाजिक परिवेश एवं भू-राजनीतिक आयामले पनि संघीयतालाई व्यवहारिक रूपमा परिमार्जन गरिरहेको हुन्छ। अझ न्यायिक व्याख्याले संघीयताको पुनर्संरचना गर्न महत्वपूर्ण योगदान गर्दछ। अमेरिका, क्यानडा र भारत लगायतका मुलुकहरूमा न्यायालयबाट भएका व्याख्याहरूले संघीयतालाई नयाँ आयाम दिइरहेको पनि देखिन्छ।

संघीय इकाइहरूले राज्यशक्तिको प्रयोग गर्ने भएकोले यस क्रममा अधिकारक्षेत्र, जिम्मेवारी र शक्तिको प्रयोगमा विभिन्न विवादहरूको जन्म हुन्छ। संघ, प्रदेश र स्थानीय तहबीचको विवाद समाधान गर्नको लागि विभिन्न संयन्त्र र अवधारणाहरू पनि छन्। नेपालको संविधान तथा कानूनमा पनि तत्सम्बन्धी प्रावधानहरू रहेका छन्। संघीयतामा विवाद निरूपण सम्बन्धी विभिन्न मुलुकहरूको अभ्यासहरू पनि हाम्रा लागि लाभप्रद हुन सक्छन्।

उल्लिखित सन्दर्भमा संघ, प्रदेश र स्थानीय तहबीचको विवादको प्रकृति, सन्दर्भ र अन्तरवस्तु अनि संविधान प्रदत्त एकल र साझा अधिकारको विवाद निरूपण सम्बन्धी सिद्धान्तहरू एवं विवाद निरूपणका संयन्त्र, कार्यक्षेत्र र भूमिकासहित हालसम्मको अभ्यासमा देखिएका मूलभूत समस्याहरू तथा समाधानका लागि गरिनुपर्ने सुधारका विषयहरू समेतको आलोकमा संघीयतामा विवाद निरूपण सम्बन्धी रहेका कमजोरीहरूको चर्चा गर्दै विवाद निरूपणको प्रणाली, संरचना, प्रक्रिया र अभ्यासमा गरिनुपर्ने सुधारका उपायहरू प्रस्तुत गर्नुहोस्। २५

३. साबिकको मुलुकी ऐनलाई प्रतिस्थापन गरी निर्माण भएको मुलुकी देवानी संहिता, २०७४ ले विवाह सम्बन्धी व्यवस्था अन्तर्गत पुरुष र महिलाबीच हुने विवाहयोग्य उमेरलाई २० वर्ष कायम गरेको छ। त्यसैगरी मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ मा कुनै पनि महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएरै भएपनि १८ वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जबर्जस्ती करणी गरेको मानिने कानूनी व्यवस्था रहेको छ। यद्यपि, कानूनले तोकेको उमेर नपुग्दै छोराछोरीको विवाह गरिदिने संस्कार र संस्कृति हाम्रो समाजमा अझै कायम रहेको पाइन्छ। विद्यालयस्तरका केटाकेटीहरुले समेत आफूखुसी उमेरको परबाह नगरी प्रेम सम्बन्ध कायम गरी विवाह गर्ने गरेको पाइन्छ भने ग्रामीण ईलाकामा बाबुआमाले कलिलै उमेरमा छोराछोरीको विवाह गरी जिम्मेवारी पूरा गरिदिने सामाजिक प्रचलन पनि त्यत्तिकै छ। शुरुमा एकअर्काबीच प्रेम सम्बन्ध कायम भई सहमतिमा विवाह गर्ने, पछि अभिभावकको दवाब एवं कानूनी प्रावधानबाट बच्न जबर्जस्ती करणी गरेको भनी उजुरी गर्ने गरेका घटना पनि उत्तिकै पाइन्छन्।

जबर्जस्ती करणीको कसूरलाई गम्भीर कसूर मानी कठोर सजायको व्यवस्था कानूनले गरेको हुँदा किशोर बालबालिका पनि गम्भीर फौजदारी कसूरको अभियोगमा कारागार वा सुधारगृहमा बस्नुपर्ने भई उनीहरुको भबिष्य नकरात्मक रुपले प्रभावित हुने अवस्था छ। यसले कानूनको समुचित प्रयोग पनि हुन नसकेको तथा कानूनको उल्लंघन पनि भएको अवस्था विद्यमान छ। अर्कातिर अनुसन्धान एवं अभियोजनमा संलग्न अधिकारीहरुले किशोर किशोरीको प्रेम सम्बन्ध वा सहमतिमा विवाह भएकै कारणले प्रचलित कानून विपरीत भएको व्यवस्थालाई अन्यथा गर्न पनि कठिन छ।

मुलुकी देवानी संहिताको दफा ८५ मा कोही कसैसँग वैवाहिक सम्बन्ध कायम रहेसम्म निजहरु पति-पत्नीको रुपमा मानिने र दफा ७३ मा विवाह गर्ने उमेर पूरा नभई भएको विवाह बदर गराउन सकिने व्यवस्थासमेत रहेको छ। नेपाल संयुक्त राष्ट्रसंघको बाल अधिकार सम्बन्धी महासन्धी, १९८९ को पक्ष राष्ट्र भएकोले बालबालिकाहरूको सर्वोत्तम हित (Best Interest of the Child) लगायत त्यसले परिभाषित गरेका अन्य बालमैत्री व्यवस्थाहरुलाई समेत आत्मसात गर्नुपर्ने हुन्छ। मुलुकी अपराध संहितामा व्यवस्था भए अनुसार तोकिएको उमेर पूरा नगरी मञ्जुरी साथ विवाह गरेको वा सोको परिणति स्वरुप यौनजन्य क्रियाकलाप भएको अवस्थामा पनि जबर्जस्ती करणी एवं बाल विवाह मानी फौजदारी कारबाही हुने कानूनी व्यवस्थाले समग्रमा कानूनको द्वन्द्व (Conflict of Law) को स्थिति रहेको बताइन्छ।

उपर्युक्त सन्दर्भमा नेपालको सामाजिक संरचना र विश्वव्यापी रुपमा विकसित भएका बालबालिका सम्बन्धी नवीनतम सैद्धान्तिक अवधारणा एवं सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेत उल्लेख गर्दै उल्लिखित पृष्ठभूमिमा देखिएका समस्या आउनुका कारणहरु पहिचान गर्नुहोस्। उक्त समस्यामा केन्द्रीत रही वर्तमान कानूनी व्यवस्था र अनुसन्धान एवं अभियोजन प्रणालीलाई

४. नेपालको संविधानको धारा १२६ ले न्याय सम्बन्धी अधिकार अदालतबाट प्रयोग हुने र धारा १२७ ले जिल्ला, उच्च र सर्वोच्च गरी तीन तहका अदालतहरु रहने संवैधानिक व्यवस्था गरेको पाइन्छ। यसदेखि बाहेक कानून बमोजिम मुद्दा हेर्न स्थानीय स्तरमा न्यायिक समिति वा विवाद समाधानका वैकल्पिक उपाय अवलम्बन गर्न आवश्यकता अनुसार अन्य निकाय समेत गठन गर्न सकिने व्यवस्था रहेको देखिन्छ। न्यायमा सर्वसाधारण जनताको पहुँच पुगोस् भन्ने हेतुले स्थानीय निकायमा न्यायिक समितिहरू गठन भई सानातिना विवाद एवं मुद्दाहरु स्थानीय स्तरमै समाधान हुने कानूनी व्यवस्थासमेत रहेको देखिन्छ। विशिष्टिकृत बिषयका विवादहरूको समाधानार्थ बिशेष अदालत, राजश्व न्यायाधिकरण, प्रशासकीय अदालत, श्रम अदालत, वैदेशिक रोजगार न्यायाधिकरण लगायतका निकायहरूको व्यवस्था तत् तत् बिषयको कानूनमा भएको पाइन्छ। यि बाहेक भन्सार ऐन, स्थानीय प्रशासन ऐन, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, मालपोत ऐन, नापी ऐन लगायतका केही ऐनले मुद्दा हेर्ने अधिकार अर्धन्यायिक निकायको रुपमा तत् तत् निकायहरुलाई प्रदान गरेको पाइन्छ। जिल्ला अदालतभित्र पनि पारिवारिक ईजलास, बाल ईजलास लगायत विशेष प्रकृतिका कसूर हेर्न छुट्टै कानूनी व्यवस्था समेत भएको पाइन्छ।

माथि उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्थाको प्रयोग हुँदाहुँदै पनि न्याय सरल, सर्बसुलभ, छिटोछरितो, कम खर्चिलो र विश्वासप्रद हुन नसकेको वर्तमान अवस्थामा तल दिइएका प्रश्नहरुको यथार्थपरक, कार्यान्वयन गर्न सकिने र तर्कपूर्ण दृष्टिकोण प्रस्तुत गर्नुहोस्। १५+१०=२५

क) वर्तमान अवस्थामा भएका न्यायिक निकायहरुको क्षेत्राधिकारमा दोहोरोपन देख्नुहुन्छ, देख्नुहुन्न ? ति निकायहरुको संरचनागत प्रबन्धमा के-कस्ता कमजोरी देख्नुहुन्छ ? बिश्लेषण गर्दै न्यायमा सहज पहुँचको लागि के-कस्ता उपायहरु अवलम्बन गर्नुपर्छ ?

ख) न्यायिक निकाय वा अदालतहरुमा बर्षौंदेखि बाँकी रहेका पुराना मुद्दाहरूको फछ्र्यौट गर्न अपनाउनुपर्ने सरल प्रक्रियाहरू के के हुन सक्लान् ? रणनीतिक रुपमा हस्तक्षेपकारी उपायसहितको कार्ययोजना प्रस्तुत गर्नुहोस्।

<<<<समाप्त>>>>